मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

## प्रस्ताव आह्वानको सूचना

मधेश प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिराहा

केन्द्र प्रमुख

**(प्रथम पटक प्रकाशित: मिति २०८०/०१/१७ आइतवार)**

यस विज्ञ केन्द्रको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका मासु उत्पादन प्रवर्द्धन कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा "मासु उत्पादन प्रबर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७९" मा उल्लेखित प्रावधान तथा शर्तहरु बमोजिम ५० प्रतिशतको लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/उद्दमी/व्यवसायी/व्यंवसायिक फार्महरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८०/०२/०१ आइतवार) सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र कार्यक्रम संयोजक अधिकृत आठौं (पशु चिकित्सक) श्री गोविन्द मिश्रलाई (९८५२८३४८०३) मा सम्पर्क गर्नु हुन अनुरोध छ।

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम (रु.) | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|
| १. | मासु उत्पादन प्रवर्द्धन कार्यक्रम। | संख्या | ७ | २ लाख | व्यवसायिक बाखा पालन फार्म। |
| | | | २ | २ लाख | व्यवसायिक पाडा पालन फार्म। |
| | | | ३ | २ लाख | व्यवसायिक बंगुर पालन फार्म। |
| | | | ४ | १.५ लाख | व्यवसायिक लोकल कुखुरा/ हाँस/बट्टई/टर्कीपालन फार्म। |

देहाय:

१) रु. १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन,

२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३) व्यवसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४) स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि,

५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

६) किसान परिचयपत्रको प्रतिलिपि, तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,

७) फा.नं.३ अनुसारको संक्षिप्त कार्ययोजना,

८) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको),

९) लागत प्रतिवद्धता (स्वघोषणा),

१०) अन्य आवश्यक कागजातहरु।

पुनश्च: निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्रबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गरी प्राप्त गर्नु हुन अनुरोध छ।

**मधेश प्रदेश सरकार**
**भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्यविकास निर्देशनालय**

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# सिरहा

## प्रस्तावआह्वानको सूचना !

**(प्रथम पटक प्रकाशित: मिति २०८०/०१/१५ शुक्रबार)**

यस विज्ञ केन्द्रको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका करारमा घाँसको बेर्ना/बीउ/सेट्स उत्पादन कार्यक्रम संचालनका लागि" कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)"तथा" करारमा घाँसको बेर्ना/बीउ/सेट्स उत्पादनकार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालनविधि, २०७९"मा उल्लेखित प्रावधान तथा शर्तहरु बमोजिम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/उद्यमी/व्यवसायी/कृषक समूह/कृषि सहकारी/व्यवसायिक फर्महरुले देहायका कागजात सहित १५ औं दिन (मिति२०८०/०१/२९ शुक्रबार)सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुननसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र कार्यक्रम संयोजक अधिकृत छैठौं, प्रा. (लो.पो.डे.डे.) श्री विरेन्द्र कुमार यादवलाई मोबाईल नं. ९८४२९६६७२३/९८१३३१२२२८ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**तपसिल :**

| क्र.स | कार्यक्रममको नाम | ईकाइ | परिमाण | प्रतिकार्यक्रम अनुदान रकम (रु) | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|
| क. | करारमा घाँसको बेर्ना/विउ/ सेट्स उत्पादन कार्यक्रम। | संख्या | ५ | १ लाख ५० हजार (लागत साझेदारी: ५०%) | सहकारी संस्था, कृषक, कृषक समूहवाव्यवसायिकफर्म |

**देहाय**

१) रु. १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन,
२) आवेदकको नेपालीनागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३) समुह/समिति/सहकारी/व्यवसायिकफार्मले सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४) स्थायी लेखानम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
५) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६)किसान परिचयपत्रको प्रतिलिपि, तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,
७) फा.नं.३ अनुसारको संक्षिप्त कार्ययोजना,
८) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको),
९) लागत प्रतिवद्धता (स्वघोषणा),
१०) कृषक समुह/कृषिसहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपि,
११) अन्य आवश्यककागजातहरु:

**पुनश्च :** सूचना तथा निवेदन/प्रस्तावको ढाँचाविज्ञ केन्द्र सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।